॥ श्री गणेशाय नमः ॥



ज्योतिषं नेत्रमुच्यते वेदस्य शुभदर्शनम् ।
कालज्ञानप्रदं नित्यं ग्रहचक्रप्रदर्शकम् ।।

॥ श्री सरस्वत्यै नमः ॥



# ज्योतिष परिषद् नेपाल




ब्रह्मा सूर्य










सूर्यः पितामहोव्यासो वसिष्ठोऽत्रिः पराशरः।
कश्यपो नारदो गर्गो मरिचिर्मनुरङ्गिराः ॥
लोमशः पौलिशश्चैव च्यवनो यवनो भृगुः।
शौनकोऽष्टादशश्चैते ज्योतिःशास्त्रप्रवर्तकाः ॥











## १. ज्योतिषशास्त्र भनेको के हो ?

वेदस्य निर्मलं चक्षुः ज्योतिशास्त्रमनुत्तमम्

सूर्यचन्द्र आदि ज्योतिर्मय आकाशीय पिण्डहरुको उत्पत्ति, स्थिति र विनाशका बारेमा अध्ययन गर्ने  र विनाश हुनबाट जोगाउने शास्त्रलाई ज्योतिषशास्त्र भनिन्छ । ज्योतिषशास्त्र आधुनिक विज्ञानका अनेक शाखाहरुको मूलउद्गम शास्त्र हो । हालको खगोल विज्ञान ९ब्कतचयलयकथ० को विकास यहीँ ज्योतिषशास्त्रबाट भएको हो । ग्रहतारा आदिको अध्ययन गरी तिनीहरुको दैनन्दिनीय गतिको निर्धारण, ग्रह आकाशमा कुन राशि अंश कला विकलामा छ भन्ने कुराको अध्ययन, ग्रहणको समय, औँशी पूर्णिमा आदिको गणना ज्योतिषशास्त्रले नै गर्दछ । त्यस्तै हालको गणित शास्त्र ९ःबतजभ्रबतष्अक०को विकास ज्योतिषबाटै भएको हो । पहिले ज्योतिषीलाई गणितज्ञ (गणितको विदः) भनिन्थ्यो । सबै किसिमका गणितको अध्ययन अध्यापन ज्योतिषशास्त्रमा गरिन्छ । ज्योतिषमा अङ्क गणितलाई पाटीगणित वा व्यक्तगणित भनिन्छ भने बीजगणित, रेखागणित, त्रिकोण मिति, गोलीयरेखागणित, चापीयरेखागणित, चलनकलन आदिलाई अव्यक्तगणित भनिन्छ ।

भूगोलशास्त्र ९न्भयनचबउजथ० को विकास पनि ज्योतिषबाटै भएको हो । अक्षांश देशान्तर, सूर्योदय सूर्यास्त, पृथ्वीका विभिन्न प्रदेशमा हुने दिनरातको समय छुट्याउने व्यवस्था आदिको अध्ययन ज्योतिषमा नै हुने गर्दछ । त्यस्तै हालको वातावरण विज्ञान ९भ्अयथिनथ० को जननी पनि ज्योतिष नै हो । कुन वर्ष कहिले कति पानी पर्छ, कहिले हावा हुरी वायुवतासको प्रकोप हुन्छ, कुन वर्ष कुन कुन बालीको उत्पादन बढ्छ घट्छ, सहकाल वा अनिकाल कस्तो होला भन्ने पूर्वानुमान विभिन्न खगोलीय ग्रह सञ्चारका आधारमा ज्योतिषशास्त्रले परापूर्वकालदेखि गर्दै आएको हो । त्यस्तै हालको भूगर्भ विज्ञान ९न्भययिनथ० को मूल पनि ज्योतिषशास्त्र नै हो । पृथ्वीको कुन भागमा सतहदेखि कति हात तल जलशिरा -पानीको मूल) रहेको छ भन्ने कुरा, कुन ठाउमा जीवावशेष (शल्य) रहेको छ, कुन ठाउँमा मानव जातिलाई हानीकारक ग्याँस आदि रहेका छन् आदिको बारेमा ज्योतिषशास्त्रमा अध्ययन गरिन्छ । त्यस्तै हालको इञ्जिनियरिङ्ह ९भ्लनष्लभभचष्लन० को जननी पनि ज्योतिष अन्तर्गतको वास्तुशास्त्र नै हो । घरको निर्माण कहिले र कसरी गर्नु पर्दछ, घरमा कुन कुन स्थान कता राखेमा मानव मैत्री बन्दछ, घर आदि बनाउँदा इटा आदि निर्माण सामग्री कति कति चाहिन्छन् इत्याादिको गणना ज्योतिषशास्त्रमा गरिन्छ । कृषि ९ब्नचष्अगतिगचभ० मा कुन वर्ष कुन बाली सप्रने बर्षा आदिको स्थिति कस्तो रहने, कहिले बाली रोप्ने, कहिले भित्राउने आदिको भविष्यवाणी गरेर कृषिको विकासमा ज्योतिषले ठूलो सहयोग पुर्याएको हो । आयुर्वेदमा औषधी ग्रहण गर्ने, औषधी साधनगर्ने र रोगीलाई सेवन गराउने प्रभावकारी समय(मुहूर्त) निर्धारण गरी ज्योतिषले सघाएको हो । यसरी आजका धेरै विज्ञान या त ज्योतिषबाटै विकसित भएका हुन् या त ज्योतिषबाट अनुगृहित भएका छन् । त्यसैले उपर्युक्त विज्ञानहरुको विकासले ज्योतिषको कीर्ति विस्तार भएको छ । यो कुरा हामी ज्योतिषीहरुले बुझेर गौरवान्वित हुन र अन्य सर्व साधारणहरुलाई पनि बुझाउन आवश्यक छ ।

त्यस्तै जन्मकुण्डली वा प्रश्नकुण्डलीको अध्ययन गरी मानिसको शिक्षा, स्वास्थ्य, पेशा, धन, सन्तान, पति पत्नीको सुख आदिको बारेमा फलादेश गर्ने शास्त्र ९बकतचययिनथ० मा त ज्योतिषले महारथ प्राप्त गरेकै छ । मानिसको भाग्य वा दैव जान्ने भएकाले ज्योतिषीलाई दैवज्ञ भनेर भनिन्छ ।

भूत, वर्तमान र भविष्यत् तीनवटै कालको बारेमा जान्ने भएकाले ज्योतिषीलाई त्रिकालज्ञ भनेर भनिएको हो । त्यति मात्र होइन ज्योतिषबाट त यो जन्मको मात्र होइन पूर्व जन्म र आगामी जन्म समेत्को फल बताउने विधि उल्लेख छ। यसरी गौरवशाली शास्त्रका अध्येता ज्ञाता भएर पनि उचित सम्मान नमिलिरहेको अवस्थामा यो शास्त्रको महत्तालाई जनसाधारणलाई बुझाउन र ज्योतिषको विकासका लागि वि.सं. २०८२ असोज ३० गते नेपाल ज्योतिष परिषद्को स्थापना भएको हो र हाल केन्द्रमा केन्द्रीय समिति, ७ वटै प्रदेशहरुमा प्रदेश समिति र ७७ वटै जिल्लाहरुमा जिल्ला समिति तथा विभिन्न स्थानीय निकायमा पालिका समितिहरु क्रियाशील रहेका छन् । यसैको जगमा विकसित भएर हाल दक्षिण एसियाली ज्योतिष महासंघ र विश्व ज्योतिष महासंघ जस्ता क्षेत्रव्यापी र विश्वव्यापी संस्थाहरु संचालनमा रहेका छन् फलस्वरुप हाल नेपालका उच्च पदस्थ राजनीतिज्ञदेखि लिएर प्रतिष्ठित उच्च पदाधिकारी समेतले यसको महत्त्वलाई अङ्गीकार गरी सम्मान र सदुपयोग गर्न थालेका छन् साथै विश्वभरी नै यसको गरिमा र प्रयोग दिनानुदिन बढिरहेको छ ।

## २. ज्योतिष परिषद् नेपालको पृष्ठभूमिः

आदरणीय विद्वान् गुरूदेवहरूमा जय ज्योतिषम्

बिगत लामो समय देखि नेपालमा रहेका अन्य ज्योतिष संस्थाहरु भित्र देखापरेका बिकृति र विसंगतिहरूलाई लिएर हामीले ज्योतिष संस्थाहरुकै हित र उन्नतिका लागि निकै लामो समय सम्म सुधारका खाति निकै प्रयत्नहरू भए। जसका निम्ति साक्षीका रूपमा सातै प्रदेशका प्रदेश अध्यक्ष र केही जिल्ला र प्रदेशका जिम्मेवारी पदमा रहनुहुने गुरुदेवहरू हुनुहुन्छ। उहाँहरूकै सल्लाह, सुझाव र निरन्तर अनलाइनका माध्यमबाट जुम बैठक र सम्भव भएको अबस्थामा भौतिक रूपमा समेत बैठकहरू बस्दै छलफल गर्दै निरन्तररूपमा अगाडि बढ्यौं र अन्य संस्थामा रहेका पदाधिकारीहरु जिम्मेवार पदाधिकारी ज्युहरूसंग छलफल गर्दै सुझावहरू आदानप्रदान गर्दै सुधारका निमित्त निकै प्रयासहरू गरियो । तर ती प्रयास र छलफलहरू निरर्थक र औचित्यहिन हुदै गए ।

नेपालमा रहेका अन्य संस्थाहरुले जसले आफ्नो जिम्मेवारी, काम, कर्तव्य र अधिकार समेतको बोध सम्म पनि गर्न नसकिरहेको अवस्थामा झनै आम ज्योतिषीहरूको भावनालाई बुझ्ने प्रयास गर्न सक्ने त उसमा क्षमता नै थिएन किनकि नेतृत्व स्वचालित थिएन उ सधैभरि परिचालित रहयो। सिमित स्वार्थमा रमाउने लोभिपापिहरूको सानो स्वार्थि झुन्डले आफ्नो जालमा पारिसकेकाले उम्कन सकेन र त्यसैमा रमाउन थाल्यो ।

यसप्रकारका गतिविधिले हामीलाई निकै चिन्तित मात्र होइन निकै दुःखी पनि बनायो। हाम्रा मनमा अनेकन कुराहरू खेल्न थाले । केही उर्जा जागृत हुन थाल्यो र मन मिल्ने केही गुरुहरूसंग "**अबको निकास र ज्योतिषको विकास**" कालागि केहिनकेहि त गर्नै पर्छ भन्ने सोचका साथ छलफलहरू अगाडि बढायौ। सबैको भावना बुझ्यौ र हाम्रो मुटुलाई दरिलो ,छातिलाई फराकिलो पार्दै नेपालमा छरिएर रहनु भएका पुराना धुलेटो कोर्ने, औला गन्ने, आखत खेर्ने, मुहार हेर्ने, सकुन हेर्ने ,जोखना हेर्ने देखि लिएर हालका आधुनिक बिज्ञानलाई समेत चुनौती दिन सक्ने सशक्त

विद्वान ज्योतिषी र धर्मशास्त्र तथा कर्मकाण्ड बिधामा ख्यातिप्राप्त गुरूहरू अटाउन सक्ने, सबैको भावनालाई कदर गर्न सक्ने, पवित्र मनभएका र विद्या र शास्त्रको महत्त्व बुझ्न सक्ने सबैको साझा फुलबारीको रूपमा रङ्गिन वासनादार फुलहरू फुलाउन सक्ने संस्थाको खोजी गरौ भन्ने उद्देश्यले सबैको सरसल्लाह र छलफलबाट हामीले यहाँहरूलाई सुनौलो उपहारको रूपमा "**ज्योतिष परिषद् नेपाल**" नामको संस्था लिएर आएका छौ । यो संस्था हाम्रो रहरले आएको होइन । यो त एउटा बाध्यताले र समयको माग बमोजिम सशक्त रूपमा आएको हो ।

अब जेजसरि भए पनि यो संस्था यहाँहरूको माझमा उज्यालो किरण लिएर मुस्कुराउदै आई सकेको छ । तपाईं हाम्रो सानो प्रयास र सहयोगमा निर्विवाद रूपले अगाडि बढ्नेछ भन्ने आशा लिएका छौ । यो संस्था एउटा उदाहरणीय र सशक्त हुनेछ र तपाईं हाम्रो भावनाको समेत सम्मान गर्नेछ ।

पेशागत रूपमा तपाईं हामीहरू वैदिक सनातन धर्मावलम्बीको रूपमा हाम्रो धर्म, संस्कार, संस्कृति, परम्परा, चालचलन, भेषभूषा, चाडपर्व लगायतका यावत कुरामा जानकार मात्र होइन यसलाई अंगाल्दै पनि आएका छौ ।

यिनै  परम्परागत रूप सदियो देखि चलनचल्तीमा रहेका स्थिर पूजीलाई जीवन्त राख्नु तपाईं हामी सबैको कर्तव्य हो । एक्लो प्रयाले कुनै कुरा संभव हुदैन । अझ भनौ अहिलेको वर्तमान जटिल अवस्थामा हाम्रो धर्म र परम्परा माथि आयातित डलरे धर्मको चपेटामा पर्दै गएको जटिल अवस्लाई मध्ये नजर गर्दा तपाईं हामी थप जिम्मेवारी बन्नु पर्दछ भन्ने मनसायले एउटा बलियो र सशक्त सबैलाई समेट्न सक्ने संगठन निर्माण गरि अगाडि बढ्नुपर्ने आवश्यकता महसुस गर्यौ । नेपाल एउटा हिमवत् खण्डको सनातन हिन्दू धर्मको उद्‌गम स्थल हो । यहाँका हरेक क्षेत्र तीर्थस्थल हुन् । तेत्तीस कोटी देवताहरूको आश्रय स्थल पनि नेपाल नै हो । हिमालय भगवान् शिवजीको निवास भूमि भएकाले शिवस्थल पनि नेपाललाई नै भनिन्छ । पशुपतिनाथ, मुक्तिनाथ, गोसाईकुण्ड, जानकीको जन्मस्थल जनकपुर, बराहक्षेत्र, देवभूमि देवघाट, त्रिवेणिधाम, गौतम बुद्धको जन्मस्थल शान्तिभूमि लुम्बिनी, स्वर्गद्वारी, गुरु गोरखनाथ, बढीमालिका, सबैका कुलदेव मष्टो लगायत हजारौं देवीदेवताका पवित्र स्थलहरू यसै भूमिमा रहेका छन् । चार वर्ण छत्तिस जातको साझा फूलबारी रहेको यस भूमिमा जन्मने हरेक नागरिक देवतुल्य छन् । देवतुल्य नागरिकहरुलाई एकत्रित गरी वेदका छ अङ्ग "**शिक्षा कल्पो व्याकरणम् निरुक्तश्छन्दोविचितिज्योतिषमिति चाङ्गानी**" (शिक्षा, कल्प, निरुक्त, छन्द, ज्योतिष, व्याकरण) को अध्ययन-अध्यापन, खोज- अनुसन्धान गर्ने उद्देश्यले एउटा ज्योतिष तथा धार्मिक कार्यमा आबद्ध भएका सबै नागरिकलाई एकताबद्ध गर्ने विशिष्ट संस्थाको आवश्यकता महसुस गरिएको छ । धर्म समाजको कानुन हो । आजको युगमा पनि धर्मशास्त्र अपरिहार्य छ । यही धर्म र धर्ममा आधारित शास्त्रहरूको अध्ययन-अध्यापन, प्रचारप्रसार गरी समग्र चेतनशील नागरिकलाई यस बारेमा प्रशिक्षण गर्नु आजको आवश्यकता महसुस गरिएको छ । यस भूमिमा मनु, याज्ञवल्क्य, नारद, बराहमिहिर, जैमिनी जस्ता अनेकौ ऋषिमहर्षिहरूको तपोभूमि पनि हो ।

धर्म र ज्योतिषको अनन्य सम्बन्ध छ, जसले धर्मको संरक्षण र सम्बर्धनका साथै विश्व भाइचारा वसुधैव कुटुम्बकम् भन्ने उदात्त भावनात्मक सन्देश देशविदेशमा फैलाउने हाम्रो आर्य परम्परागत सबै जातजाति, धर्म, संस्कृतिको अनुसरण गर्ने गराउने, ज्योतिष विज्ञान तथा वेदका ६ ओटै अङ्गको अध्ययन, प्रशिक्षण, परामर्श तथा अनुसन्धान गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चामा आएका ज्योतिष तथा धर्मशास्त्रसँग सम्बन्धित मतमतान्तरहरूलाई मनन गरी वास्तविक तथ्यको निर्क्यौल गर्न प्रयास गर्ने तथा ज्योतिष विधाको प्रचारप्रसारार्थ औपचारिक सभा सम्मेलन गर्ने गराउने र ज्योतिषीय सभा सम्मेलनमा भागलिने, ज्योतिष तथा धर्मशास्त्रसँग सम्बन्धित पत्रपत्रिका संकलन, प्रकाशन तथा ज्योतिष तथा धर्मशास्त्र विषयका अप्राप्त कृतिहरू संकलन गरी पुस्तकालय स्थापना गर्ने, ज्योतिष विज्ञानको गरिमा र सत्यताका बारेमा समाजलाई जानकारी गराउने, जाति,वर्ण लिङ्ग भेदको संकुचित घेरा तोडी यसको ज्ञान हासिल गर्न चाहने सबैलाई संलग्न गराउने, ज्योतिषीय पेशा र यस विधामा संलग्न व्यक्तिहरूको संरक्षण गर्ने गराउने जस्ता पुनीत लक्ष्यलिई ज्योतिष परिषद् नेपाल *(Jyotish Parishad Nepal)* नामक मुनाफा रहित गैरसरकारी संस्था गठन गरिएको छ ।

यो संस्थाको कुनै कृयाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्र, अन्तराष्ट्रिय संघ संगठनको सम्बन्ध प्रतिकुल असर पार्ने वा नेपालको परराष्ट्र नीतिको विपरित हुन जाने वा नेपालको अखन्डता सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कुरा नगर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

## उद्देश्यहरुः

क) ज्योतिष, वैदिक सनातन धर्म, सस्ंकार, संस्कृति, रीति परम्परा, सबै जातजातिको चाडपर्वको संरक्षण, सम्वर्धन तथा विकास गर्न जोड दिने ।

ख) ज्योतिष, वैदिक कर्मकाण्ड, योग तथा आयुर्वेदको सम्बन्धित निकायको अनुमति लिई अध्ययन, अध्यापन, प्रशिक्षण तथा प्रमाणपत्र दिने व्यबस्था मिलाउने ।

ग) ज्योतिष, वैदिक सनातन धर्म, सस्ंकार, संस्कृति, रीति, परम्परा, सबै जातजातिको चाडपर्व सम्बन्धि पुस्तकहरूको संकलन गरी पुस्तकालयको स्थापना गर्ने ।

घ) ज्योतिष परामर्श सेवा सञ्चालन गर्ने ।

ङ) ज्योतिष ग्रह उपचार सेवा सञ्चालन गर्ने ।

च) अत्याधुनिक कम्प्युटर सेवा सञ्चालन गर्ने ।

छ) पञ्चाङ्ग (पात्रो) गणित तथा प्रकाशन गर्ने ।

ज) ज्योतिष सम्मेलन वा धर्मसभामा भागलिने व्यबस्था मिलाउने ।

झ) सम्बन्धित निकायबाट अनुमति लिएर यस परिषद्को "ज्योतिषी आवाज" नामक मुखपत्र तथा ज्योतिष टेलिभिजन सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

ञ) ज्योतिष सम्बन्धि पत्रपत्रिका प्रकाशित गर्न प्रोत्साहन गर्ने व्यबस्था मिलाउने ।

ट) राष्ट्रिय एवं अन्तर्राष्ट्रिय ज्योतिष तथा धार्मिक सम्बद्ध संस्थाहरूसंग सम्पर्कको आदानप्रदान गर्ने ।

ठ) वर्षको १ पटक राष्ट्रिय ज्योतिष तथा धर्मसम्मेलन र आवश्यकता अनुसार अन्तराष्ट्रिय ज्योतिष तथा धर्मसंम्मेलन गर्ने व्यबस्था मिलाउने ।

ड) ज्योतिष, वैदिक सनातन धर्म कल्याण कोषको स्थापना गर्ने व्यवस्था मिलाउने ।

ढ) ज्योतिष, वैदिक सनातन धर्म अक्षय कोषको स्थापना गर्ने व्यवस्था मिलाउने ।

ण) ज्योतिष, वैदिक सनातन धर्म, सस्ंकार, संस्कृति, रीति, परम्परा, सबै जातजातिको चाडपर्वको संरक्षण, सम्वर्धन तथा विकासका क्षेत्रमा योगदान गर्ने व्यक्तिलाई उपाधि, सम्मानपत्र, अभिनन्दन, प्रोत्साहन, अभिप्रेरित तथा नगद पुरस्कारको व्यबस्था मिलाउने ।

त) सार्वजनिक महत्वका कुनै धार्मिक तथा सामाजिक अनुष्ठानको सञ्चालन र सहयोग गर्ने ।

थ) नेपालको प्रचलित कानून बमोजिम विभिन्न धार्मिक तथा सामाजिक सन्देश मूलक कार्यक्रम सञ्चालन गर्ने ।

द) नेपालको प्रचलित कानून बमोजिम ज्योतिष, वैदिक सनातन धर्म, सस्ंकार, संस्कृति, रीति, परम्परा, सबै जातजातिको चाडपर्व, पर्यटन, शिक्षा तथा नैतिक शिक्षाको विकासका लागि गुरुकुल सञ्चालन गर्ने ।

ध) विभिन्न कोषहरूको स्थापना, व्यवस्थापन र सञ्चालनका लागि आर्थिक क्रियाकलाप गर्ने ।

न) धार्मिक सहिष्णुता र सामाजिक सद्भाव कामय गर्न उत्प्रेरित गर्ने ।

प) यो संस्था मुनाफा रहित संस्थाा हुनेछ ।

- 
- ज्योतिष विधाको संरक्षण, संवर्धन तथा विकास गर्न जोड दिने,
- ज्योतिषको अध्ययन, अध्यापन तथा परीक्षणको व्यवस्था मिलाउने,
- ज्योतिष तथा धर्मशास्त्रसँग सम्बन्धित पुस्तकहरुको संकलन गरी पुस्तकालयहरुको स्थापना गर्ने,
- ज्योतिष तथा कर्मकाण्ड  परामर्श सेवा सञ्चालन गर्ने,

- पञ्चाङ्ग(पात्रो) प्रकाशन गर्ने,
- ज्योतिष सम्मेलनको आयोजना गर्ने,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय ज्योतिष सम्मेलनमा भाग लिने व्यवस्था मिलाउने,
- ज्योतिष, कर्मकाण्ड तथा धर्मदर्शन सम्बन्धित पत्रपत्रिका प्रकाशन गर्ने वा प्रकाशन गर्न प्रोत्साहन गर्ने,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय ज्योतिष सम्बद्ध संघ संस्थाहरुसँग सम्पर्कको आदान प्रदान गर्ने,
- वर्षको एक पटक वार्षिक साधारण सभा र तीन/तीन वर्षमा ज्योतिष सम्मेलन गर्ने व्यवस्था मिलाउने,
- ज्योतिष कल्याण कोषको स्थापना गर्ने व्यवस्था मिलाउने,
- ज्योतिष, कर्मकाण्ड, धर्म, संस्कृति तथा परम्पराको संरक्षणमा योगदान दिने व्यक्तिहरुलाई उपाधि, सम्मान तथा अभिनन्दनको व्यवस्था गर्ने,
- केन्द्रमा एउटा र प्रत्येक प्रदेशहरुमा कम्तिमा एक-एक वटा वेधशाला निमार्ण गरी ज्योतिष विषयको गहिरो खोज अनुसन्धान गर्ने ।

## कार्यसमितिहरुः-

नेपाल ज्योतिष परिषद्का उद्देश्य पुरा गर्न निम्नलिखित समितिहरुको व्यवस्था गरिएको छ ।

क) केन्द्रीय समिति : नेपाल ज्योतिष परिषद्को कार्य सञ्चालन गर्न केन्द्रमा ५१ सदस्यीय केन्द्रीय समिति रहेको छ ।

ख) प्रदेश समिति : नेपाल ज्योतिष परिषद्को कार्य सञ्चालन गर्न सात वटै प्रदेशमा ३१ सदस्यीय प्रदेश समिति रहेको छ ।

ग) जिल्ला समिति : नेपाल ज्योतिष परिषद्को कार्य सञ्चालन गर्न ७७ वटै जिल्लामा २१ सदस्यीय जिल्ला समिति रहेको छ ।

घ) एकाइ समिति : देश भरका प्रत्येक महानगर, उपमहानगर र नगरपालिकामा १९ सदस्यीय तथा गाउँपालिकाभित्र ११ सदस्यीय एकाइ समितिहरु रहेका छन् ।

ङ) वडा समिति : देशका सम्पूर्ण वडाहरुमा कम्तिमा ७ सदस्यीय वडा समितिहरु रहने छन् ।

४. अन्त्यमा

- आगामी दिनमा प्रदेश तथा जिल्ला कार्यसमितिका माध्यमबाट प्रत्येक ज्योतिषहरुले वडा कार्यालयमा अभिलेखीकरण गरी कार्य सञ्चालन गर्न प्रेरित गर्ने,
- प्रत्येक ज्योतिषीहरुलाई कार्य अनुमतिपत्र (लाइसेन्स) नेपाल ज्योतिष परिषद् मार्फत नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिमा जोडदार माग गर्ने,
- ज्योतिष आचार संहितालाई कडाईका साथ कार्यान्वयन गर्न सबै जिल्ला समितिलाई सक्रिय बनाउने
- प्रदेश कार्यसमिति तथा जिल्ला समितिका माध्यमबाट आधारभूत ज्योतिष प्रशिक्षण तथा कर्मकाण्ड प्रशिक्षण कार्य सञ्चालन गर्ने,
- संगठन विस्तारका लागि वडा समितिसम्म पुऱ्याउने
- भौतिक संरचना तथा आर्थिक उन्नयनका लागि योजनाबद्ध रुपमा कार्य अगाडि बढाउने

## ३. वैदिक सनातन धर्म र ज्योतिषशास्त्रको अन्योन्याश्रित सम्बन्ध :

"वेदोऽखिलो धर्ममूलम्" भनेको सनातन धर्मको मूल जरा नै वेद हो । त्यसैले यो धर्म वृक्षरुपी धरोहरमा अडिएको छ। धर्म जीवनको त्यो आचार संहिता हो । जसले समाजको कुनै अङ्ग वा व्यक्तिका रुपमा मनुष्यका कर्म र कृत्यलाई व्यवस्थित गर्दछ । मनुष्यका यी कर्मलाई परिचालन गर्ने वेदका ६ अङ्गहरु छन् । शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष यी ६ अङ्गहरु मध्ये शरीरको मुख्य अङ्ग नेत्रको रुपमा ज्योतिषशास्त्र रहेको छ। ज्योतिषशास्त्र विना वेद पनि अन्धो हुन्छ । अतः वेदलाई पनि ज्योति प्रदान गर्ने शास्त्र ज्योतिषशास्त्र हो । धर्मशास्त्रले मानव जीवनको कल्याणार्थ यो कुरा गर्नु भनेर बताउँछ, जस्तै : षोडश संस्कारका कुरा, आचारका कुरा, व्यवहारका कुरा, प्रायश्चित्तका कुरा, मोक्षका कुरा, दानस्नानका कुरा, श्राद्धका कुरा आदि कुराहरु गर्नुपर्दछ भनी धर्मशास्त्रले भन्दछ तर कुन दिनमा, कुन मुहूर्तमा, कुन पक्षमा, कुन अयनमा, कुन समयमा, कस्तो ग्रहस्थितिमा सो काम गर्ने भन्ने कुरा ज्योतिषशास्त्रले बताउँछ । ज्योतिषशास्त्र र धर्मशास्त्रको सम्बन्ध नङ र मासुको जस्तै अविनाभूत सम्बन्ध छ ।

धर्मशास्त्रले गृहस्थी सांसारिक जीवन धान्नका लागि विवाह गर भन्दछ तर ज्योतिषशास्त्रले वरवधुको वैवाहिक जीवनलाई जोड्नेकामका लागि तिथि, मिति, नाडी मिलान, गुणदोष, माङ्गलिक/अमाङ्गलिक सन्तान रोगी या निरोगी कुटुम्ब्या छ या छैन आदिकुराको जानकारी गराई उचित लगन ठहराई वैवाहिक जीवनको सम्बन्ध जोड्ने काम गर्दछ । धर्मशास्त्रले मानव जीवनको मोक्षका लागि श्रीमद्भागवत लगाउन, हवनादि यज्ञ गर्न मानव कल्याण र परमधाम वैकुण्ठवास हुन्छ भनेको छ । ज्योतिषशास्त्रले पुराणचक्र जुराई मोक्ष प्राप्तिका लागि शुभसमय निर्धारण गर्दछ । धर्मशास्त्रले रुद्राभिषेक गर्नेकुरा गर्दछ । जसले गर्दा आशुतोष शिवजीको कृपाले मानिसको कल्याण हुन्छ ज्योतिष शास्त्रले कहिले रुद्री जुरेको छ भन्ने कुरा शिववासको जानकारी दिन्छ । यस्तै गरी अग्नि जुराउने काम पनि ज्योतिषशास्त्रले गर्दछ । धर्मशास्त्रले यो जन्ममा कीर्ति राख्ने काम गऱ्यौ भने परलोकमा सुख पाउँछौं भन्दछ र हामीले समाजको कल्याणका लागि कुँवा, पाटी पौवा, उद्यान, संस्थाका लागि भवन, धर्मशाला, शैक्षिक भवन आदि कार्यहरु गरी आफ्नो कीर्ति राखी पुण्यार्जन गर्ने सोचाइमा हुन्छौं तर "दूरेणैव जीजीविषुपरिहरेऽस्ते गुरौभार्गवे" अर्थात् वृहस्पति र शुक्र अस्तको समय साथै **"अधिकं मासमुच्येत सूर्ये राशि न गच्छति ।**

**तस्मिन् कृतं न शुभदं दानहोमजपादिकम् ॥" धर्मसिन्धु, निर्णयसिन्धु**

मलमास र क्षयमासको समयमा यदि हामीले माथि उल्लेखित कार्य गऱ्यौं भने आफ्नो या आफ्नो परिवार या वंशमा समेत हानी गर्दछ । तसर्थ ती कर्म गर्नको लागि शुक्र र वृहस्पति अस्तको बारेमा ज्योतिष शास्त्रले जानकारी दिन्छ । हामीले गरेका कार्यमा पुण्यार्जन गर्न सफल हुन्छौं । यसका साथै शुक्र र बृहस्पति अस्तको समयमा कहिल्यै नगरेका काम नयाँ कार्यारम्भ, कहिल्यै नगएका तीर्थ, मन्दिर, प्राण प्रतिष्ठादि कर्म पनि नगर्ने भनी ज्योतिषशास्त्रले खबरदारी गरेको छ । तसर्थ ज्योतिषशास्त्र विना धर्मशास्त्र पनि अपाङ्ग मानिन्छ, पूर्ण हुदैन । "यतः अभ्युदय

निःश्रेय ससिद्धिः धर्म” भनेकोले  जसबाट आनन्दात्मक अभ्युदय र निः श्रेयसको सिद्धि  हुन्छ, त्यो नै धर्म हो । यो अभ्युदय पनि नियमानुसार कर्म गरेमा नै सम्भव छ । जस्तैः धार्मिक पर्वहरु, व्रतहरु, ग्रहणस्नानहरु गृहस्थीका लागि विशेष अभ्युदय सिद्धीदाता हुन्छन् । अघिपछिकोभन्दा सयौं हजारौं गुणा फल त्यो बेलाको स्नान दान गर्दा हुन्छ भनी धर्मशास्त्रले भन्दछ । जस्तै :  सूर्य, चन्द्रग्रहणको एकबार कुरुक्षेत्रमा स्नान गर्नाले सातौं जन्मको पाप नाश हुन्छ  । धर्म अभ्युदय हुन्छ त्यस्तै सङ्क्रान्ति, पूर्णिमा, अमावस्या (औंसी), एकादशी, रामनवमी, कृष्णाष्टमी, शिवरात्री, प्रदोषव्रत आदिमा गरेको भगवानको आराधना दान स्नान अरुबेला गरेको भन्दा हजारौं फलदायी हुन्छ भनी धर्मशास्त्रले भन्दछ तर त्यो सङ्क्रान्तिको, ग्रहणादिको स्नान गर्ने पुण्यकाल ठीक कतिबजे कति मिनेट जादा छ त त्यो समय निर्धारण ज्योतिषशास्त्रले गर्दछ । यसैगरी दशमीयुक्त एकादशी र द्वादशी युक्त एकादशी भए कुन एकादशी उपवास गर्ने त भन्दा दशमी नगर्नु संयुक्त गर्नु भनी धर्मशास्त्रले भनेको छ तर पुरै हिसाब गरी यो दिन दशमीविद्व हो की? द्वादशीयुक्त हो । सो कुरा ज्योतिष शास्त्रले नै  गर्दछ । जो नियमपूर्वक गर्दा मानव जीवनको  हरतरहले कल्याण हुन्छ । ती सबै पुण्यकाल निकाल्न ज्योतिषशास्त्रकै आवश्यकता पर्छ त्यहाँ धर्मशास्त्र मूक हुन्छ ।

दानका षड्ङ्गहरु छन्ः दाता, प्रतिग्रहीता, श्रद्धा, धर्मजितेन्द्रिय, देश र काल दान दिने पुण्यकाल कुन हो त ? जस्तै प्रातः कालको दान पनि राम्रो, मध्यान्हकालको पनि ठीक अपराह्नमा मध्यम, सन्ध्याकालको दान अधम नै हो भनी भनेको छ । यो समयको ज्ञान पनि ज्योतिषशास्त्रले नै गर्दछ । हामी सबै देश विदेशको यात्रा गर्दछौं, तीर्थयात्रा गर्दछौं  तर यात्रा गर्दा समय कस्तो छ ? चन्द्रमा कता छन्? नक्षत्र, योग, करण, योगिनी, तिथि, बार के कस्ता छन् ? सो कुराको पनि जानकारी ज्योतिष शास्त्रले दिन्छ । तसर्थ हामीहरुले गरेको यात्रा सफल हुने गर्दछ । गृहस्थीले गर्नु पर्ने वर्षमा ९६ वटा श्राद्धहरु हुन्छन् । ती जे जति गर्न सकिन्छ गर धर्मशास्त्रले भन्दछ । ती सबै कुन वर्ष कुन महिना कुन तिथि कुन मुहूर्तमा गर्ने भन्ने कुरा ज्योतिषशास्त्र विना सम्भव छैन । त्यसैले “**यो ज्यौतिषं वेत्ति नरः स सम्यग् धर्मार्थकाभाल्लभते यशश्च ।**” यसरी साच्चै भन्नु पर्दा गर्भदेखि मृत्युसम्म ज्योतिषशास्त्र मानवलाई छायाँको रुपमा पछाइ रहेको देखिन्छ । ज्योतिषशास्त्र विना त हाम्रो एक पाइलो पनि अगाडि नसर्दो रहेछ भन्ने अनुभव हामी सबैले गर्ने गरेका छौं  र गरिरहने पनि छौं । अनि हामीले शास्त्रको ज्ञान पनि पढिरहने छौं । जय ज्योतिष  ।।।

# ज्योतिष परिषद् नेपालको संस्थापक कार्यसमितिको नामावली २०८२



ज्यो.मेघराज आचार्य
(दाङ)
अध्यक्ष
९८४७८७३१४७



ज्यो. भुपेन्द्रराज घिमिरे
(चितवन)
वरिष्ठ उपाध्यक्ष



ज्यो. कमलप्रसाद भट्टराई
(दाङ)
उपाध्यक्ष



ज्यो.केशव गौतम
(दाङ)
महासचिव



ज्यो. पिताम्बर पौडेल
(बारा)
सचिव




ज्यो. सावित्री अधिकारी
(चितवन)
कोषाध्यक्ष



ज्यो. लक्ष्मी प्रसाद सोती
(नवलपुर)
वरिष्ठ सदस्य



ज्यो. मिन प्रसाद भट्टराई
(गोरखा)
वरिष्ठ सदस्य



ज्यो. माधव सापकोटा
(चितवन)
वरिष्ठ सदस्य



ज्यो. वालकृष्ण घिमिरे
(मकवानपुर)
सदस्य



ज्यो.विदुर पोखेल (कल्की)
(गोरखा)
सदस्य



ज्यो. गणेश प्रसाद ढुंगाना
(नवलपुर)
सदस्य



ज्यो. लवहरि अधिकारी
(मकवानपुर)
सदस्य



ज्यो.यमप्रसाद जैसी
(चितवन)
सदस्य



ज्यो. खिमलाल पौडेल
(चितवन)
सदस्य



ज्यो. गंगाप्रसाद उपाध्याय
(जुम्ला)
सदस्य



ज्यो. कृष्णप्रसाद पराजुली
(स्याङ्जा)
सदस्य



ज्यो.कृष्णप्रसाद अर्याल
(नवलपरासी)
सदस्य



ज्यो.हृदयराज बजगाई
(कञ्चनपुर)
सदस्य



ज्यो.कृष्णमणि पहारी
(चितवन)
सदस्य



ज्यो.हेमराज सिग्देल
(चितवन)
सदस्य